स्थानीय सरकार

पाँचपोखरी थाङपाल गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

थाङपालधाप, सिन्धुपाल्चोक

वागमती प्रदेश, नेपाल

प.स. २०८१/०८२ (प्रशासन शाखा) मिति: २०८१/१०/२४

च.न. १३६१

श्री सम्पूर्ण कार्यपालिका सदस्य ज्यूहरु

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने सम्वन्धमा ।

प्रस्तुत विषयानुसार यस पाँचपोखरी थाङपाल गाउँपालिकाको मिति २०८१/१०/२९ गते आइतवारका दिन विहान ११:०० बजे १० औं गाउँकार्यपालिका बैठक हुने र उक्त बैठकमा तपशिल बमोजिमका विषयहरुमा छलफल हुने भएको हुँदा यहाँहरुको गरिमामय उपस्थितका लागि हार्दिक अनुरोध छ ।

तपशिल

१. गत कार्यपालिका निर्णयको समिक्षा सम्वन्धमा ।

२. संघीय समपुरक अनुदान र विशेष अनुदानका योजना सिफारिस सम्वन्धमा ।

३. विविध सम्वन्धमा

लक्ष्मण कुईकेल

प्रमुख प्रशासकिय अधिकृत

लक्ष्मण कुईकेल

प्रमुख प्रशासकिय अधिकृत

# पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२

बैठक नं.- १० बैठक मितिः- २०८१/१०/२९

बैठक स्थानः- गाउँपालिकाको सभाहल

आज मिति २०८१/१०/२९ गते यस पाँचपोखरी थाङपाल गाउँकार्यपालिकाका अध्यक्ष श्री टासी लामाज्यू को अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थितिः-

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टासी लामा | अध्यक्ष | |
| २ | श्री सुनिता अधिकारी | उपाध्यक्ष | सुनिता |
| ३ | श्री आलोक कुमार स्याङ्बो | सदस्य | |
| ४ | श्री बाबुलाल स्याङ्बो | सदस्य | |
| ५ | श्री छिमा छिरिङ तामाङ | सदस्य | |
| ६ | श्री कुल बहादुर बस्नेत | सदस्य | |
| ७ | श्री काले गोले | सदस्य | |
| ८ | श्री नारायण भट्टराई | सदस्य | |
| ९ | श्री सुके तामाङ | सदस्य | |
| १० | श्री विष्णु बहादुर खड्का | सदस्य | |
| ११ | श्री लक्ष्मी तामाङ | सदस्य | |
| १२ | श्री गीता तामाङ | सदस्य | गिता |
| १३ | श्री लक्ष्मी तामाङ | सदस्य | |
| १४ | श्री कल्पना पण्डित | सदस्य | |
| १५ | श्री टासी शेर्पा | सदस्य | |
| १६ | श्री विमला विश्वकर्मा | सदस्य | विमला |
| १७ | श्री लक्ष्मण कुइकेल | सचिव | |

१ आमन्त्रीत

१ राम प्र. न्यौपाने प्र.अ.

गाउँ कार्यपालिकाको कार्यालय, पाँचपोखरी थाङपाल, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल २०७३

लक्ष्मण कुइकेल प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२

बैठक नं.- १० बैठक मिति:- २०८१/१०/२९

बैठक स्थान:- गाउँपालिकाको सभाहल

| सि.नं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | गत कार्यपालिकाको निर्णय समिक्षा सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाकाको मिति २०८१/०९/०७ गते भएको गाउँकार्यपालिकाको बैठकबाट भएका सबै निर्णयहरु कार्यन्वयनका सम्बन्धमा समिक्षा भएको सर्वसम्मत निर्णय गरियो । |
| २. | संघिय तथा प्रदेश समपुरक तथा विशेष अनुदानका योजना सिफारिस सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाकाको देहाय बमोजिमका योजनाहरु संघिय तथा प्रदेश समपुरक तथा विशेष अनुदानका लागी सिफारिस गरी पठाउने गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>**तपशिल**<br>**संघिय समपुरक**<br>१. पालिका केन्द्र सडक हुँदै मन्दिगाउँ, भिम विद्याश्रम मा. वि., १ नं. वडा कार्यालय, याङग्रीखोर सडक<br>२. वडा नं. ३ को वडा कार्यालय भवन<br>३. गाउँपालिका केन्द्र सडक निर्माण<br>**संघिय विशेष**<br>१. सिउरेनी सिंचाई वडा नं. ८<br>२. नलकोटे च्यो च्यो डाँडा पर्यटन पदमार्ग वडा नं. ५<br>३. मगरकुलो सिंचाई वडा नं. ७<br>**प्रदेश समपुरक**<br>१. वडा नं. ६ को वडा कार्यालय भवन<br>२. गुन्सा खेलमैदान वडा नं. ५<br>३. वडा नं. ४ को वडा कार्यालय भवन<br>४. ज्याबोथान पदमार्ग निर्माण वडा नं. १<br>**प्रदेश विशेष**<br>१. ढुलोढुंगा बुद्ध पार्क निर्माण वडा नं. ७<br>२. बरुवा शेराबेसी कृषि सडक वडा नं. २<br>३. गोल्मेश्वरी आ.वि. भवन निर्माण वडा नं. ६<br>४. ड्यागन झर्ना निर्माण वडा नं. ३ |
| ३. | निर्णय अनुमोदन सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका अर्न्तगत वडा नं. ४, ५ र ७ को वडा कार्यालयबाट निर्णय भई आएका निर्णयहरुलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ४. | आर्थिक सहायता सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका आ.व. ०८१/०८२ को गाउँसभाबाट आर्थिक सहायता कोषमा विनियोजन भएको रु १५ लाख मध्येबाट तपशिल बमोजिमका व्यक्तिलाई तपशिल बमोजिमको रकम आर्थिक सहायता दिने सर्वसम्मत निर्णय गरियो ।<br>**तपशिल**<br>१. चक्र बहादुर ब्लोन वडा नं १ रु २० हजार<br>२. हिरा बाबु बुढाथोकी वडा नं. ६ रु १५ हजार |

लक्ष्मण कुइँकेल
प्रमुख प्रशासकीय अधिकृत

स्थानिय सरकार पाँचपोखरी थाङपाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल २०७३

# पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

## आ.व. २०८१/०८२

बैठक नं.- १० बैठक मितिः- २०८१/१०/२९

बैठक स्थानः-. गाउँपालिकाको सभाहल

| | | |
|---|---|---|
| | | ३. कान्छा थोकर वडा नं. ७ रु. २० हजार |
| ५. | रकम विनियोजन सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाले खर्च गर्ने गरी हेल्प संस्थाबाट प्राप्त रकम रु. १ लाख र इन्द्रवती जनसेवा समितिबाट प्राप्त भएको रु. ३९१६५६।- मध्येबाट रु. २ लाख गरी जम्मा रु. ३ लाखबाट गाउँपालिकाको पुस्तकालयका लागि पुस्तक खरिद गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ६. | विपद् प्रभावित अनुदान रकम सम्बन्धमा । | जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकबाट प्राप्त रकम रु ८ लाख २५ हजार विपद् प्रभावित निजि आवास प्रवलिकरण, पुर्ननिर्माण तथा पुर्नस्थापना अनुदान शिर्षकमका राखी जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकको सिफारिस अनुसार ३० जना लाभग्राहीलाई सोही शिर्षकबाट प्रथम किस्ता बापतको रकम निकासा गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ७. | योजना संशोधन सम्बन्धमा । | गाउँपालिकाको आ.व. ०८१/०८२ वार्षिक कार्यक्रममा नागीडाँडा खानेपानी शिर्षकमा विनियोजन भएको रु. ५ लाख उक्त स्थानमा निर्माणाधिन गुरु रेम्पोछेको प्रतिमा निर्माणका लागि योजना संशोधन गरी हेटौंडा उपमहानगरपालिकाबाट प्राप्त रु. १० लाख समेत जम्मा रु. १५ लाखबाट गुरु रेम्पोछे प्रतिमा निर्माण योजनामा खर्च गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ८. | विविध निर्णय सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाको १० औं गाउँकार्यपालिका बैठकबाट तपशिल बमोजिमका विविध निर्णयहरु गर्ने सर्वसम्मत निर्णय गरियो ।<br><u>तपशिल</u><br>(१) यस गाउँपालिकाको वडा नं ५ को कार्यालय सहयोगी फुलमान तामाङको ५८ वर्ष पुरा भई २०८१/०९/१९ देखी लागु हुने गरी अवकास भएकाले सो कार्यालयको दैनिक सरसफाई लगाएतका कामाकाज गर्न अति आवश्यक रहेको र वडा कार्यालको मिति २०८१/०९/२० को सिफारिस अनुसार निजलाई नै दैनिक ज्यालादारीमा कामकाज लगाउँदा मितव्यायी हुने देखिएकाले निज फुलमान तामाङलाई दैनिक ज्यालादारीमा काममा लगाउने सर्वसम्मत निर्णय गरियो । साथै वडा नं ४ को कार्यालय सहयोगी रामचन्द्र बस्नेतको ५८ वर्ष पुरा भई २०८१/०७/१४ देखी लागु हुने गरी अवकास भएकाले सो कार्यालयको दैनिक सरसफाई लगाएतका कामाकाज गर्न अति आवश्यक रहेको र वडा कार्यालको सिफारिस अनुसार निजलाई नै दैनिक ज्यालादारीमा कामकाज लगाउँदा मितव्यायी हुने देखिएकाले निज रामचन्द्र बस्नेतलाई दैनिक ज्यालादारीमा काममा लगाउने सर्वसम्मत निर्णय गरियो ।<br>(२) यस गाउँपालिकाको वडा न २ बरुवा अर्न्तगत याङग्रीमा रहेको सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण गर्न जग्गा नभएकोले जग्गा खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>(३) गाउँपालिकाको उधम विकास समितिको मिति २०८१/१०/२९ गते बसेको बैठकको निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो । |

लक्ष्मण कडुँकेल
प्रमुख प्रशासकीय अधिकृत

पाँचपोखरी थाङपाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

### आ.व. २०८१/०८२

बैठक नं.- १०   बैठक मितिः- २०८१/१०/२९

बैठक स्थानः- गाउँपालिकाको सभाहल

(४) गाउँपालिकाको शिक्षा समितिको मिति २०८१/०९/२९ गते बसेको बैठकको निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(५) महिला आत्म निर्भरता केन्द्र संस्थाको संरक्षणमा रहेका बालबालिकाको संरक्षणका लागि आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

(६) HRDC र गाउँपालिकाबीच भएको सम्झौता अनुसार अपांग बाल अस्पतालमा उपचारार्थ रहेका यस गाउँपालिकाका बालबालीकाहरुको सम्झौता अनुसारको उपचार खर्च ब्यहोर्ने सर्वसम्मत निर्णय गरियो ।

(७) पाँचपोखरी थाङपाल गाउँपालिकाको वडा नं. ७ तिपेनीमा रहेको इन्द्रावती जनसेवा समितिको भवन यस अघी स्वामित्व सहित गाउँपालिकामा हस्तान्तरण भइसकेकाले उक्त भवनको मर्मत गर्न jay laxmi nirman sewa संग सम्झौता गरी कार्य सम्पन्न भएको र प्राविधिक मुल्यांकन अनुसार भुक्तानी गर्न रकम नपुग भएकाले उक्त संस्थाबाट हस्तान्तरण भई आएको रु. ३९१६५६।- बाट बाँकी रकम मध्ये पुस्तक खरिद समेतमा रकमान्तर गरी बाँकी रहन आएको रु. १९१६५६।- बाट रु. १८००००।- भुक्तानी गर्न प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो ।

(८) गाउँपालिकाको आ.व. ०८१/०८२ स्वीकृत वार्षिक बजेट अनुसार खेलकुद विकास अर्न्तगत **वडास्तरीय पाँचपोखरी कप भबिबल प्रतियोगितामा** विनियोजन भएको रु. ३ लाख मध्येबाट इन्द्रावती गाउँपालिकाको ज्यामिरेमा यस गाउँपालिकाबाट भलिबल प्रतियोगितामा सहभागि टिमलाई रु. ६४ हजार उपलब्ध गराउने गरी रकमान्तर गर्ने र उक्त रकम नियमानुसार भुक्तानी गर्न प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो ।

(९) गाउँपालिकाको आ.व. ०८१/०८२ स्वीकृत वार्षिक बजेट अनुसार खेलकुद विकास अर्न्तगत पाँचपोखरी राष्ट्रपती रनिङशिल्ड प्रतियोगितामो रु. २ लाख विनियोजन भएकामा कार्यक्रम संचालन गर्दा रु. ३ लाख ७० हजार खर्च भएकाले नपुग रकम रु. १ लाख ७० हजार युवा तथा खेलकुद विकास तर्फ विनियोजन भएको **जिल्लास्तरीय राष्ट्रपती रनिङशिल्ड प्रतियोगितामा रु. ३ लाख** मध्येबाट रकमान्तर गर्ने र उक्त रकम नियमानुसार भुक्तानी गर्न प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो ।

(१०) पाँचपोखरी थाङपाल गाउँपालिकामा मिति २०८१/०९/१५ गते देखी संचालन भएको राम बहादुर थापा स्मृति खुल्ला फुटबल प्रतियोगितामा गाउँपालिका स्तरीय कर्मचारी टिम सहभागी भएकाले खाना बस्नको लागी **जिल्लास्तरीय** राष्ट्रपती रनिङशिल्ड प्रतियोगितामा विनियोजन भएको रु. ३ लाख मध्येबाट रु. १

प्रमुख प्रशासकिय अधिकृत

# पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

**आ.व. २०८१/०८२**

बैठक नं.- १० बैठक मिति:- २०८१/१०/२९

बैठक स्थान:- गाउँपालिकाको सभाहल

लाख रकमान्तर गर्ने र उक्त रकम नियमानुसार भुक्तानी गर्न प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो ।

(११) यस गाउँपालिकाको भवन व्यवस्थापनमा भएको २० लाख ठेक्का भएकोमा बोलकबोल गरी बाँकी रहेको ४२८०००।- मध्येबाट गाउँपालिका परिशरमा रंगरोगन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(१२) गाउपालिकाको लैगिंक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्यन्वयन समिति र कार्यदल गठन गर्न तपशिल बमोजिमका सदस्य समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

१. गाउँपालिका अध्यक्ष -संयोजक
२. गाउँपालिका उपाध्यक्ष -सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत -सदस्य
४. सामाजिक विकास समितिका संयोजक -सदस्य
६. कार्यपालिका सदस्य मध्येबाट( रिता तामाङ, विमला विक र कल्पना खनाल) सदस्य
७. गैसस मध्येबाट संचिता तामाङ मान्क
८. लैससास हेर्ने शाखा प्रमुख सारदा उप्रेती - सदस्य सचिव

कार्यदल

१. गापा अध्यक्ष - संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत -सदस्य
३. रामप्रसाद न्यौपाने - सदस्य

(१३) पाँचपोखरी थाङपाल गाउँपालिकामा आ.व. ०८१/०८२ का लागि पाँचपोखरी कप जिल्ला स्तरीय फुटवल प्रतियोगिता २०८१ आयोजना गर्ने र उक्त प्रतियोगिताका लागि आ.व. ०८१/०८२ मा युवा तथा खेलकुद विकास तर्फ विनियोजन भएको तपशिल वमोजिमका शिर्षकहरु मध्येबाट खर्च व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

१. सि.नं. १ को १८ वर्ष मुनीका छात्रछात्रा भलिबल तथा फुटवल प्रतियोगिताबाट रु. २ लाख
२. सि.नं. ५ को फुटबल प्रशिक्षण सहभागि तथा प्रतियोगितावाट रु. ५ लाख
३. सि.नं. ७ वडास्तरीय पाँचपोखरी कप भलिबल प्रतियोगितावामा बाँकी रहेको २४६०००।- मध्येबाट रु. १ लाख

(१४) यस गाउँपालिका वडा न ४ को वडास्तरीय निर्णय अनुसार आ.व. ०८१/०८२ स्वीकृत बार्षिक बजेटमा विनियोजन भएको वडास्तरीय योजनाको पण्डित टोल गणेश मन्दिर रु३ लाख र साझेदारी तथा अन्य कार्यक्रममा विनियोजन भएको [illegible] खेलघर रु. ५ लाख एउटै योजना भएकाले दुवै

लक्ष्मण कुइँकेल
प्रमुख प्रशासकिय अधिकृत

योजना मिलाई जम्मा रु. ८ लाखको योजना कार्यन्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(१५) पाचपोखरी थाङपाल गाउँपालिका वडा नं. ३ मा रहेको मजुवा गोरपाङ कृषि सडकका लागि आ.व. ०८१/०८२ को कन्टिजेन्सीबाट खर्च हुने गरी रु. ५ लाख बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(१६) पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. ५ मा रहेका कखुरा पालक अगुवा कृषकहरुबाट आय आर्जनका लागि कुखुरा पालन र खोर निर्माणका बजेट माग भई आएकाले आ.व. ०८१/०८२ स्वीकृत बार्षिक बजेटको उपाध्यक्ष समृद्ध कार्यक्रममा विनियोजन भएको रु. ३० लाख मध्येबाट माग अनुसार रु. ६ लाख बजेट च्योच्यो साना किसान कृषि सहकारी संस्था लि.मार्फत आय आर्जन कार्यक्रम संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(१७) आ.व. ०८१/०८२ स्वीकृत बार्षिक कार्यक्रममा संस्थागत सुदृढीकरण तथा सेवा प्रवाह कार्यक्रमको सि.नं. २६ को सांस्कृतीक संरक्षण प्रवर्द्धन शिर्षकमा विनियोजन भएको रु. ५ लाख मध्येबाट तपशिल बमोजिमका कार्यक्रम संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

१. नेवा दगु बाजा खरिद रु. ४ लाख

२. नागीघ्याङ संस्कृती संरक्षण १ लाख

(१८) आ.व. ०८१/०८२ स्वीकृत बार्षिक कार्यक्रममा सामाजिक तथा आर्थिक विकास कार्यक्रमको सि.नं. २ को व्यवसाय दर्ता नविकरण खारेजी घुम्ती शिविर जेष्ठ नागरिक परिचय पत्र वितरण शिर्षकमा विनियोजन भएको रु. २ लाख मध्येबाट थाङपालकोट पञ्चैबाजा प्रशिक्षणका लागी रु. १ लाख रकमान्तर गर्ने र उक्त रकम नियमानुसार भुक्तानी गर्न प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने सर्वसम्मत निर्णय गरियो ।

(१९) आ.व. ०८१/०८२ स्वीकृत बार्षिक कार्यक्रम अन्तंगत विपद् तथा वन वातावरण विपद् तथा भुसंरक्षण व्यवस्थापनमा विनियोजन भएको रु. ७० लाख मध्येबाट तपशिल बमोजिमका विपद्का लागि रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

१ गैरी खेत तथा बिरौटा पुच्छर सिंचाई रु. ५० हजार

२. निर बहादुर थापा बाखा फर्ममा गएको पहिरो रोकथाम रु. ३० हजार

३ क्षेत्रपालेश्वरी विद्यार्थी आवास सहयोग रु. ४७ हजार

स्थानिय सरकार
पाँचपोखरी थाङपाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थाङपालधाप, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लक्ष्मण कडुँकेल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२

बैठक नं.- १०   बैठक मिति:- २०८१/१०/२९

बैठक स्थान:- गाउँपालिकाको सभाहल

(२०) पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. १ बाँसखर्कमा CRC संस्थासँगको साझेदारीमा संचालित चिया बगानलाई सहकारीमा दर्ता गर्न अनुमती दिने सर्वसम्मत निर्णय गरियो ।

(२१) पाँचपोखरी थाङपाल गाउँपालिकाको कार्यालयमा रहेको बैगाचाहरुमा गोडमेल तथा विरुवाहरुमा पानी हाल्ने लगाएतका कार्यहरु गर्न गर्नुपर्ने भएकाले कार्यालय समय बाहेकको विहान बेलुका तथा सार्वजनिक बिदाको दिनमा समेत थप कामकाज गर्नको लागि मासिक रुपमा रु. ८ हजार थप दिने सर्वसम्मत निर्णय गरियो ।

(२२) पाँचपोखरी थाङपाल गाउँपालिका अर्न्तगते वडा नं. ६ को वडा कार्यालयबाट मिति २०८१/१०/२५ गतेको भएको निर्णय नं. १ लाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | योजना तथा कार्यक्रम | रकम |
|---|---|---|
| १ | श्री थाङपालधाप मा.वि.(राष्ट्र पति रनिङ शिल्ड प्रतियोगितामा सहभागी टिमलाइ ड्रेस खरिद) | १९००० |
| २ | वडा कार्यालय देखी धाप जाने गोरेटो बाटो मर्मत | ९००० |
| ३ | वडा नं.६ युवा समुह भलिवल टिम | १९००० |
| ४ | थाङपालधाप भलिवल समूह | १६००० |
| ५ | थाङपालधाप फुटवल टिम | ५०००० |
| ६ | लेखर्क फुटवल टिम | १०००० |
| ७ | धाप पुल भञ्ज्याङ सिंचाइ कुलो मर्मत | ७७००० |
| | जम्मा | २००००० |

स्थानिय सरकार पाँचपोखरी थाङपाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थाङपालधाप, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

लक्ष्मण कट्टेल
प्रमुख प्रशासकिय अधिकृत